# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्वारा "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीवि नेपालले झापाको धुलावारीमा वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत पुस २९ गते आयोजित "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रमको उद्घाटन गर्नुभयो ।



स्थानीय विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक तथा शिक्षिकाहरूको उल्लेख्य उपस्थिति रहेको उपरोक्त कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले देशको समग्र आर्थिक विकास एवम् वित्तीय स्थायित्वमा वित्तीय सचेतनाको अन्यन्त ठूलो भूमिका रहने उल्लेख गर्नुभयो । वित्तीय रूपमा सचेत नागरिकबाट वित्तीय संकटका बेलामा समेत जिम्मेवार र विवेकशील व्यवहार हुने हुँदा संकटको प्रभाव कम पार्न मद्दत पुग्नुका साथै संकट थप गहिरिन नदिने विचार व्यक्त गर्नुभयो ।

वित्तीय साक्षरताको माध्यमबाट पैसाको महत्व के हो ? यसको सदुपयोग कसरी गर्ने ? यसबाट आय आर्जन कसरी बढाउने ? भन्ने विषयमा ज्ञान प्रदान गर्ने हुँदा यसबाट भविष्यमा आर्थिक रूपले सक्षम नागरिकको निर्माण गर्न मद्दत पुग्ने कुरा गभर्नर डा. नेपालले उक्त कार्यक्रममा व्यक्त गर्नुभयो अन्य देशका जनताको तुलनामा नेपालीहरूले बचत कम गर्ने गरेको प्रशंग उल्लेख गर्नु हुँदै उहाँले बालबालिकाहरूलाई विद्यालय स्तरबाटै वित्तीय सचेतना भएमा बचत गर्ने बानीको विकास हुने, आर्थिक कारोवारमा स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको उपयोग बढ्ने, ऋण लिने र उद्यमशील बन्न मद्दत पुगी रोजगारी सिर्जनामा समेत सहायता पुग्ने हुँदा नेपाल राष्ट्र बैंकले विगत केही वर्षदेखि वित्तीय साक्षरता कार्यक्रमलाई महत्व दिएको बताउनु हुँदै उहाँले विद्यार्थीसँग राष्ट्र बैंक कार्यक्रमलाई अझ महत्वका साथ हेरिएको उल्लेख गर्नुभयो । कार्यक्रममा उहाँले वित्तीय सचेतना मार्फत आर्थिक रूपमा आत्मनिर्भर बन्न प्रेरणा मिल्ने र देशका युवा रोजगारका लागि विदेश पलायन हुने क्रम पनि कम हुँदै जाने र अन्तत देश आत्मनिर्मर हुने विचार व्यक्त गर्नुभयो ।




स्थानीय नेपाल बहुउद्देशीय सहकारी संस्थाको समन्वयमा यस बैंकबाट आयोजित उक्त कार्यक्रममा निर्देशक श्री राजेन्द्र पण्डित र International Co-operative Alliance का नेपाल प्रतिनिधि इन्दिरा पन्तले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

२०७२ पुस ३०, बिहीबार

गभर्नरको कार्यालय